# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बाग्मती प्रदेश ,नेपाल

प.सं. ०७७/७८
च.नं.: १७८०

श्री वडा कार्यालय सबै
सूर्यविनायक नगरपालिका, भक्तपुर ।

मितिः २०७७।१०।२५

विषयः सौर्य सिंचाइको प्रस्ताव माग सम्बन्धमा ।

प्रस्तुत विषयमा कृषि ज्ञानकेन्द्र ललितपुरबाट मिति २०७७।१०।२२ गते प्रथम पटक प्रकाशित सूचना अनुसार सौर्य सिंचाइ कार्यक्रम सञ्चालन गर्नको लागि कृषक, कृषक समुह, सहकारी, निजी फर्महरुले सिंचाइ कार्यक्रम सञ्चालन कार्यविधी २०७६ को अनुसूची २ अनुसारको कागजात संलग्न राखी अनुसूची ३ अनुसारको आवेदन फाराम भरि कृषि ज्ञानकेन्द्र, ललितपुरमा २०७७।११।२१ गतेसम्म पेश गर्नको लागि यसैसाथ संलग्न सूचना अनुसार कृषक, कृषक समुह, सहकारी, निजी फर्महरुलाई जानकारी गराइदिनु हुन आदेशानुसार अनुरोध छ ।

शान्तिला बुढाथोकी
सहायक निर्देशक(कृषि)

नोटः थप जानकारीको लागि कृषि ज्ञान केन्द्र ललितपुरको फोन नं ०१५५३४६१६ र ०१५५५६०३७ मा सम्पर्क राख्नु हुन र वेभसाइट www.lalitpur.akc.gov.np बाट सम्बन्धित कार्यक्रम सञ्चालनको लागि तोकिएको कार्यविधी डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ललितपुर

बागमती प्रदेश

## मागमा आधारित सौर्य सिंचाई कार्यक्रमको लागि इच्छुक आपुर्तीकर्ताहरुलाई सूचीकरण गर्न साथै सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान सम्बन्धी सूचनाः

सूचना नं. १०/२०७७/०७८
सूचना प्रकाशित मितिः २०७७/१०/२२

कृषि ज्ञान केन्द्र, ललितपुरको आ. ब. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषक/कृषक समुह/कृषि सहकारी/निजी फर्मसंगको साझेदारीमा कम्तिमा २५ (पच्चिस) परिमाणमा अधिकतम रु. १,००,००,०००/- (एक करोड) लागतमा मागमा आधारित सौर्य सिंचाई कार्यक्रम सन्चालन गर्नुपर्ने भएकोले सौर्य सिंचाई आपुर्ति गर्न इच्चुक आपुर्तिकर्ता (कम्पनि/फर्म) बाट सूचिकृत हुनको लागि साथै सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ । प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी सौर्य सिंचाई कार्यक्रम सन्चालन कार्यबिधि २०७६ अनुसार कृषि ज्ञान केन्द्र, ललितपुरमा कार्यालय समयमा आवश्यक कागजातहरु सहित आबेदन दर्ता गर्न हुन, यो सुचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागि समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, ललितपुरको फोन नं. ०१-५५३४६१६, ०१-५५३४५७३ र ०१-५५५६०३७ मा सम्पर्क राख्न हुन र बेभसाईट www.lalitpur.akc.gov.np वा भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बेभसाईट www.molmac.bagamati.gov.np बाट पनि सम्बन्धित कार्यक्रम सन्चालनको लागि तोकिएको कार्यबिधि डाउनलोड गरी बिस्तृत जानकारी लिन सकिने छ ।

नोटः- यो सूचना यथाबत राखे, परिमार्जन गर्न वा रद्द गर्ने अधिकार यस ज्ञान केन्द्रमा निहित रहनेछ ।

कृष्णभद्र अधिकारी
प्रमुख

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ललितपुर

बागमती प्रदेश

सूचना नं. ०९/२०७७/७८

## सौर्य सिंचाईको प्रस्ताब माग पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२२

कृषि ज्ञान केन्द्र, ललितपुरको आ.ब. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार सौर्य सिंचाई कार्यक्रम साझेदारीमा संचालन गर्नुपर्ने भएको हुदा काठमाडौं, ललितपुर र भक्तपुर अन्तर्गतका कृषक/कृषक समुह/सहकारी/निजि फर्महरुले सिंचाई कार्यक्रम संचालन कार्यबिधि २०७६ को अनुसुची - २ अनुसारको कागजात संलग्न राखि अनुसूची - ३ अनुसारको आबेदन फाराम भरि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०७७/११/२१ गते कार्यालय समयभित्र) कृषि ज्ञान केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आबेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

क) ब्यक्तिगत वा सामुहिक उपभोक्ताको लागिः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. लालपूर्जाको प्रतिलिपि, करारनामाको प्रतिलिपि ।
३. आफुले भाडामा जग्गा लिई खेती गरिरहेको भएमा न्यूनतम १० बर्षको लागि भाडामा लिएको सम्झौता पत्रको प्रमाण ।
४. सामुहिक सिंचाई योजनाको लागि ब्यक्तिगत उपभोक्ताहरु सबैको संयुक्त निबेदन ।
५. स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको ब्यहोरा सहितको सिफारिस पत्र ।

ख) संस्थागत/नीजि फर्मको लागिः

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
२. संस्थाको नबिकरण गर्नुपर्ने अबस्थामा नबिकरणको प्रमाणपत्रको प्रतिलिपी ।
३. संस्थाको स्थायी लेखा नम्बर ।
४. संस्थाको बैठकबाट योजना माग गर्ने गरिएको निर्णय प्रतिलिपी ।
५. संस्थाको तर्फबाट निबेदन दिने पदाधिकारीलाई प्रदान गरिएको अख्तियारी पत्र ।
६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति ।
७. लालपूर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी ।
८. ऐलानी जग्गाको हकमा स्थानीय तहलाई शुल्क बुझाएको प्रमाणको प्रतिलिपी र स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको ब्यहोरा सहितको पत्र ।

कृष्णभद्र अधिकारी
प्रमुख

फोन नं : ०१-५५३४५७३/६१६ ईमेल : akclalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np